# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धनगढी,कैलाली

## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स./रा.०८०।०८१
च.नं.

**धनगढी बसपार्कको टर्मिनल भवनको माथिल्लो तलाको सटरहरू र वडा नं. १८ फुलबारीको वडा कार्यालय भवन अगाडिको सटर ठेक्का दिने सम्बन्धी १५ दिने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०८०।१०।१७**

यस धनगढी उप-महानगरपालिकाको स्वामित्वमा रहेको बसपार्क टर्मिनल भवनको माथिल्लो तला र धनगढी उप-महानगरपालिका वडा न. १८ फुलबारीको वडा कार्यालय भवन अगाडिको सटर पांच (५) बर्षका लागि (२।२ बर्षमा १० प्रतिशतले बृद्धी हुने) बृद्धि भएको रकममा नै भाडा वृद्धि हुने गरी सिलबन्दी दरभाउ पत्रको माध्यमबाट बढाबढ प्रक्रियाद्वारा भाडामा दिने निर्णय भएको हुंदा इच्छुक व्यक्ति (नेपाली नागरिक) फर्म/संघ/संस्थाहरूबाट देहाएको शर्त भित्रको आधिनमा रही १५ (पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. बसपार्क टर्मिनल भवनको माथिल्लो तलाको मासिक भाडा बढाबढ न्यूनतम अंक रू. ५०,०००।- (अक्षरूपी पचास हजार मात्र) कायम गरिएको छ ।
२. धनगढी उप-महानगरपालिका वडा न. १८ फुलबारीको वडा कार्यालय भवन अगाडिको सटरको मासिक भाडा बढाबढ न्यूनतम अंक रू. २,५००।-. (अक्षरूपी दुई हजार पांच सय मात्र) कायम गरिएको छ ।
३. दरभाउ पत्र फाराम सूचना प्रकाशित मितिबाट १५ दिन भित्र कार्यालय समयमा प्रति फाराम दस्तुर रू. १०००।- (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस उप-महानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।
४. सूचना प्रकाशित मितिबाट १६ औं दिन दिनको दिउंसो १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोहि दिन दिउंसो २.०० बजे सम्बन्धित व्यक्ति/फर्म /संघ /सस्था वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर सम्बन्धित व्यक्ति/फर्म/संघ/सस्था वा निजले तोकेका प्रतिनिधहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
५. यदि दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन उक्त कार्यको कार्य गरिनेछ ।
६. कुनै पनि व्यक्ति वा संस्थाको दररेट पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

२०८०।१०।१६

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धनगढी,कैलाली

## सुदूर पश्चिम प्रदेश नेपाल

प.स./रा.०८०।०८१
च.नं.

७. दरभाउ पत्र साथ जमानत वाफतको रकम आफूले कवोल गरेको रकम बराबरको दुई वर्षको रकमको ५ प्रतिशतले हुन आउने रकम यस धनगढी उप-महानगरपालिका कार्यालयको रा.बा.बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००३०३०००००२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट धनगढी उप-महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

८. दरभाउ पत्र साथ बहालमा लिने इच्छुक व्यक्तिको हकमा नेपाली नागरिता प्रमाण पत्रको प्रतिलिपि तथा फर्म/संघ/संस्थाको हकमा दर्ता प्रमाणपत्र (नविकरण भएको) र कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

९. बहालमा लिने व्यक्ति वा संस्थाले कोठा भाडाको सम्झौता गर्दा आफूले कबोल गरेको रकमको ६ महिना बराबरको हुन आउने रकम धरौटी बाफत जम्मा पर्नेछ ।

१०. बहाल सम्झौता अवधि ५ वर्षको हुनेछ साथै प्रत्येक २।२ वर्षमा सम्झौता नविकरण गर्नु पर्नेछ ।

११. हाल कायम रहेको संरचनाको निर्माण तथा मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्य बहालमा लिने पक्षको नै हुने छ ।

१२. संरचना भाडामा लिने व्यक्ति/फर्म/संस्थाले कानूनले निषेध गरेको ब्यवसाय संचालन गर्न पाउने छैन ।

१३. बहाल सम्झौता भई सकेपछि बहालमा लिएका संरचनाहरूको बिजुली, खानेपानी, मर्मत सम्भार र सरसफाई कर लगायत सम्बन्धी सम्पूर्ण खर्च भाडामा लिने पक्षले नै व्यहोर्नु पर्ने छ ।

१४. यस सूचनामा उल्लेख नभएका कुरा कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ । साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

१५. यो सूचना धनगढी उप-महानगरपालिकाको वेव साईट www.dhangadhimun gov.np बाट पनि हेर्न सकिनेछ ।

१६. थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

२०८०।१०।१६

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत